# बागमती प्रदेश सभाको सातौं अधिवेशनमा भए गरेका काम कारवाहीको विवरण

- मिति २०८२ चैत्र २४ गते सातौं अधिवेशन प्रारम्भ भई २०८३ जेठ १ गतेसम्म चालु रह्यो। जसमध्ये ४ दिनहरुमा ४ पटक बैठक बसी १० घण्टा ४६ मिनेट संसदीय काम कारवाहीमा व्यतित भयो ।
- बागमती प्रदेश सभाका माननीय सभामुख भुवन कुमार पाठकले बागमती प्रदेश सभा सभामुख पदबाट मिति २०८२/०६/०१ गतेदेखि लागु हुनेगरी राजिनामा दिनुभएकोमा सो पत्रको व्यहोरा वाचन भयो।
- बागमती प्रदेश सभा सदस्य पदबाट मिति २०८२ माघ ५ गतेदेखि लागु हुने गरी राजिनामा दिनुभएका देहायका ६ जना माननीय सदस्यहरुको नाम वाचन भयो।

  १.माननीय अमन कुमार मास्के  
  २.माननीय कुन्दनराज काफ्ले  
  ३.माननीय प्रकाश श्रेष्ठ  
  ४.माननीय युवराज दुलाल  
  ५.माननीय बसन्त प्रसाद मानन्धर  
  ६.माननीय सुनिल के.सी

- यस अधिवेशनमा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश खानेपानी तथा सरसफाई सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभामा प्रस्तुत भई दफावार छलफलको लागि अर्थ तथा विकास समितिमा पठाइएको, सभामा एक विधेयक विचाराधिन रहेको र प्रदेश मामिला समितिमा एक विधेयक विचाराधिन रहेका छन।
- प्रदेश सभा नियमावली, २०७४ को नियम ११ बमोजिम सभामुख र उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न निम्न बमोजिमको माननीय सदस्यहरुलाई मनोनयन गर्नुभयो।

  १.माननीय सुना परियार  
  २.माननीय शुष्पा भुजेल न्यौपाने  
  ३.माननीय हरिप्रसाद सापकोटा  
  ४.माननीय लक्ष्मी घिमिरे

- सभामा प्रतिनिधित्व गर्ने निम्नानुसारका राजनीतिक दलका नेता तथा प्रतिनिधिहरुले अधिवेशन सफलताको शुभकामना मन्तव्य राख्नुभयो।

  १.माननीय बहादुर सिं लामा तामाङ  
  २.माननीय शालिकराम जम्कट्टेल  
  ३.माननीय जगन्नाथ थपलिया  
  ४.माननीय उध्दव थापा  
  ५.माननीय सुरेन्द्रराज गोसाई

- प्रदेश मामिला समितिका माननीय सभापति छिरिङ दोर्जे लामाले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन २०७६ को उत्तर विधायिकी परीक्षण प्रतिवेदन सभामा पेश गर्नुभयो।
- माननीय मुख्यमन्त्री श्री इन्द्रबहादुर बानियाँले प्रदेश लोकसेवा आयोगको छैठौं वार्षिक प्रतिवेदन २०८१-०८२ सभामा पेश गर्नुभयो।
- यस अधिवेशनमा सभाको मिति २०८२/१२/२५,२६ र २०८३/१/६ गते बसेको बैठकमा विशेष समयमा माननीय सदस्यहरुले प्रदेश सरकारको जिम्मेवारीको विषयमा र जनसरोकारका विविध विषयमा आ-आफ्नो भनाई राख्नुभयो।

- यस अधिवेशनमा माननीय मुख्यमन्त्री इन्द्र बहादुर बाँनियाले अधिवेशन आह्वानमा ढिलाई भएको, जेनजी आन्दोलनबाट क्षति भएको सभा भवन मर्मत गर्न समय लागेको, प्रधिनिधि सभा निर्वाचनको समय परेको लगायतको विषयमा, विशेष समयमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्नहरुको सम्बन्धमा पाँच जना माननीय मन्त्रीहरुले जवाफ दिनुभयो। माननीय भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेश चन्द्र देवकोटाले चालु बजेट कार्यक्रम कटौती आफ्नो मन्त्रालयबाट नभएको, मौसमजन्य विपतमा सडक सुचारु गर्न तयारी गरेको, माननीय आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले पूर्वाधार निर्माणको ३७ वटा आयोजनाहरू मध्ये २० वटा कार्यक्रममा परेको १७ वटा छुट भएकोले बजेट व्यवस्थापन गर्नुपरेको, जेनजी आन्दोलनपछि क्षति भएका भौतिक संरचनामा रकम व्यवस्था गर्नुपरेकोले संसदबाट पारित शुन्य बजेट कार्यक्रमको प्रभावकारिता नभएको र बजेट व्यवस्थापन गर्न नसकिने लगायतका विषयमा, माननीय वन तथा वातावरण मन्त्री भरत बहादुर के.सीले वन डढेलो नियन्त्रण र चितवनको इच्छाकामना गाँउपालिकामा १३ जटा रूख कटानी भएकोमा संलग्नलाई कानूनी कारवाहीको प्रकृया चलिरहेको विषयमा माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री मधुसुदन पौडेलले रासायनिक मल व्यवस्थापन गर्न बागमती प्रदेश सरकारलाई आवश्यक १ लाख १३ हजार मेट्रिक टन र थप व्यवस्था गर्न नेपाल सरकारलाई पत्राचार भएको, प्रदेश पुनर्संरचनाको लागि विज्ञ समितिबाट प्राप्त प्रतिवेदन अध्ययन गरी सुझाव माग गर्न लिखित रुपमा संसदीय दलका पठाएको लगायतका विषयमा र माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री शिवराज अधिकारीले प्रशासनिक पुनर्संरचनापछि आन्तरिक मामिला तथा कानून मन्त्रालय स्वतन्त्र नरहन सक्ने, विपतको लागि छुट्याइएको राहत रकम निकासा भएको राहतको सामान माग भएका पालिकाहरुमा सामान पठाइने लागायतका विषयमा जानकारी दिनुभयो।